# कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता

बाल कुमारी अधिकारी
परीक्षा क्रमाङ्क : २०४०११२/२०६६
त्रि.वि. दर्ता नं. : ९-२-२०४-१०४-२००२

नेपाली शिक्षा विषयमा स्नातकोत्तर तहको
नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत शोधपत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय
श्री कनकाई बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग
सुरुङ्गा झापा

सन् २०१६/२०७२

## प्रतिबद्धता पत्र

प्रस्तुत *'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता'* शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेकी हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा कानुनअनुसार दण्डित हुन म तयार छु ।

शोधार्थी
बाल कुमारी अधिकारी
परीक्षा क्रमाङ्क : २०४०११२
त्रि.वि. दर्ता नं. : ९-२-२०४-१०४-२००२
श्री कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा

## कृतज्ञता ज्ञापन


झापा जिल्ला दुधे स्रोत केन्द्र, शिवसताक्षी नगरपालिका भित्रका *'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता '* शीर्षकको शोध पत्र मैले त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोध पत्रको प्रयोजनका निमित्त आदरणीय गुरु विष्णुप्रसाद कोइराला ज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्ना समस्या र बाध्यतालाई पर पन्छाएर अति नै ब्यस्त समयमा पनि यस शोध पत्रको शीर्षक चयन,शोध प्रस्ताव लेखन तथा शोध पत्रको अन्तिम स्वरूप दिने समयसम्म आवश्यक सुझाव, प्रेरणा दिई कुशल निर्दशन गरिदिनुहुने मेरा शोध निर्देशक श्रद्धेय गुरु उपप्रध्यापक विष्णु प्र. कोइरालाप्रति  हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु । समयमै शोध प्रस्ताव स्वीकृत गरी शोध कार्य थालनी गर्न सहयोग पुऱ्याउने नेपाली शिक्षा विभागप्रति पनि आभार व्यक्त गर्दछु ।

यस शोध कार्यमा आवश्यक सल्लाह सुझाव दिन मेरा आदरणीय गुरुहरू सहप्राध्यापक कोमल प्रसाद पोख्रेल,सहप्राध्यापक जीवनाथ सुवेदी, सहायक प्राध्यापक श्री शेरबहादुर बानियाँ तथा श्री तेजप्रसाद खनालप्रति म कृतज्ञ छु । यस शोधपत्र लेखन कार्यका निम्ति प्रश्नावली भराउने कार्यमा ८ वटा विद्यालयमा पुग्दा अति आत्मीयताका साथ सहयोग गर्नुहुने प्रधानाध्यापक ज्यू तथा विद्यालय परिवारका सदस्यहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

विविध आर्थिक कठिनाई र सामाजिक परिवेशसँग जुध्दै,पारिवारिक जिम्मेवारी बहन गर्दै आफ्नो अमूल्य श्रम र समय खर्चिएर मेरो अध्ययनलाई यस अवस्थासम्म पुऱ्याउन अटुट सहयोग पुऱ्याउनुहुने मेरा श्रीमान् दीपककुमार न्यौपानेप्रति म आजीवन ऋणी रहने छु । मेरो अध्ययनका क्रममा हौसला, सहयोग र समय प्रदान गर्नुहुने मेरा छोरीहरू सृजना र स्मिता साथै धर्म छोरी अविसा खड्काप्रति सदा कृतज्ञता ज्ञापन गर्दछु । यस शोध कार्यमा विशेष सहयोग पुऱ्याउने मेरा सहकर्मी मित्रहरू शिक्षक श्री कृष्णराज कटुवाल, शिक्षक तथा भाइ कमल भट्टराईप्रति विशेष आभार प्रकट गर्दछु । छपाई कार्यमा भरपुर सहयोग गर्नुहुने सन्तोष शर्मा र पुनः छपाइ गर्नुहुने सुशील न्यौपानेलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पससमक्ष प्रस्तुत गर्दछु ।



शोधार्थी

बाल कुमारी अधिकारी

परीक्षा क्रमाङ्क :२०४०११२

# शोधसार

## शीर्षकको परिचय

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस,नेपाली शिक्षा विभाग अन्तर्गत एम. एड. दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका निम्ति तयार पारिएको हो। भाषा पाठ्यक्रम अन्तर्गत भाषा पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषण गर्दा अपनाइने सिद्धान्तका आधारमा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता* विश्लेषण गर्नु लैङ्गिकता, विद्यालय प्रकृति आदिका आधारमा श्रुतिबोध क्षमताको पहिचान गरी सुझाव प्रस्तुत गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

## शोध प्रकिया :

श्रुतिबोध क्षमता अध्ययन गर्नका निम्ति झापा जिल्लाको शिवसताक्षी नगरपालिका अन्तर्गतका ४/४ वटा सरकारी र निजी विद्यालयका १०/१० जना गरी जम्मा ८० जना विद्यार्थीलाई नमुना छनोट गरी श्रुतिबोध क्षमता परीक्षण गरेर सो परीक्षणबाट प्राप्त प्राप्ताङ्कलाई व्याख्या विश्लेषण गर्न प्रतिशत, मध्यमान र मानक विचलन जस्ता सांख्यिकीको प्रयोग गरिएको छ ।

## शोध निष्कर्ष :

समग्रमा विद्यार्थीको श्रुतिबोध क्षमताको स्थितिलाई प्रतिशत र मध्यमानको आधारमा हेर्दा समग्र श्रुतिबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ । विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको श्रुतिबोध क्षमता राम्रो देखिन्छ । मध्यमान भन्दा तल थोरै मात्र विद्यार्थी देखिनुले संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । लैङ्गिक आधारमा हेर्दा मध्यमानभन्दा बढी प्रतिशत छात्राहरू रहेकाले छात्रभन्दा छात्राको श्रुतिबोध क्षमता राम्रो देखिन्छ ।

## विशेष पदको परिभाषा

### स्रोत केन्द्रः

निश्चित क्षेत्र कायम गरी त्यस क्षेत्रमा भएका विद्यालयहरूको रेखदेख, अनुगमन तथा सरकारको तर्फबाट सूचना प्रवाह गर्ने मध्यस्थ केन्द्रलाई नै स्रोत केन्द्र भनिन्छ ।

### सामुदायिक विद्यालयः

नेपाल सरकारको ऐन, कानून, नियम, निर्देशनमा रही नेपाल सरकारले आर्थिक बहन गर्ने गरी राज्यलाई आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि शिक्षा दिने संस्थालाई सरकारी वा सामुदायिक विद्यालय भनिन्छ ।

**संस्थागत विद्यालयः**

नेपाल सरकारको ऐन कानून, नियम र निर्देशनमा रही नेपाल सरकारबाट स्वीकृति प्राप्त पाठ्यक्रम प्रयोग गरी एक व्यक्ति वा समुहले आर्थिक बहन गर्ने गरी राज्यलाई आवश्यक पर्ने जनशक्ति उत्पादनका लागि शिक्षा दिने संस्थालाई निजि वा संस्थागत विद्यालय भनिन्छ।

**प्राध्यापकः**

विश्व विद्यालय अन्तर्गतका विभिन्न विद्यापीठ, क्याम्पस वा महाविद्यालयमा विशेष किसिमको अध्यापनको काम गर्ने विशिष्ट श्रेणीको शिक्षकलाई प्राध्यापक भनिन्छ।

## विषय सूची

| शीर्षक | पृष्ठ |
|---|---|
| **अध्याय : एक** | **१-४** |
| **शोध परिचय** | **१** |
| विषय प्रवेश | १ |
| समस्या कथन | २ |
| शोधको उद्देश्य | २ |
| अध्ययनको औचित्य महत्व | २ |
| अध्ययनको सीमाङ्कन | ४ |
| अध्ययनको रूपरेखा | ४ |
| **अध्ययन : दुई** | **५-१५** |
| **पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूप रेखा** | **५** |
| पूर्वकार्यको समीक्षा | ५ |
| अध्ययनका पूर्वकार्यको उपयोगिता | ६ |
| सैद्धान्तिक रूपरेखा | ७ |
| **अध्याय : तीन** | **१६-२०** |
| **अनुसन्धान विधि** | **१६** |
| अध्ययनको ढाँचा | १६ |
| जनसङ्ख्या तथा नमुना पहिचान | १७ |
| प्रतिनिधि नमुना छनोट | १७ |
| तथ्याङ्क सङ्कलन स्रोत | १७ |
| तथ्याङ्क सङ्कलनका विधि | १८ |
| तथ्याङ्क विश्लेषण विधि | १९ |
| **अध्याय : चार** | **२१-३०** |
| **व्याख्या र विश्लेषण** | **२१** |
| समग्र विद्यार्थीहरूको श्रुतिबोध क्षमताको स्थिति | २१ |
| विद्यालय प्रकृतिका आधारमा | २२ |
| श्रुतिबोध क्षमतामा विभिन्न समूहबीच तुलनात्मक स्थिति | २९ |
| निष्कर्ष | ३० |

**अध्याय : पाँच** **३१-३४**

**उपसंहार** **३१**

सारांश ३१

निष्कर्ष ३१

उपयोगिता ३२

सुझाव ३३

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

## तालिका सूची


| तालिका सङ्ख्या | शीर्षक | पृ. |
| --- | --- | --- |
| ४.१ | प्रतिशतकाआधारमा समग्र विद्यार्थीहरूको श्रुतिबोध क्षमताको स्थिति | २१ |
| ४.२ | मध्यमान र मानक विचलनका आधारमा समग्र श्रुतिबोध क्षमताको स्थिति | २२ |
| ४.३ | सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति | २२ |
| ४.४ | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमताको स्थिति | २३ |
| ४.५ | संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति | २४ |
| ४.६ | मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमताको स्थिति | २४ |
| ४.७ | लिङ्गका आधारमा छात्र विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति | २५ |
| ४.८ | मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको श्रुतिबोध क्षमताको स्थिति | २६ |
| ४.९ | छात्रा विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति | २६ |
| ४.१० | मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको श्रुतिबोध क्षमताको स्थिति | २७ |
| ४.११ | समग्र मध्यमान र मानक विचलनका आधरमा विद्यार्थीहरूको श्रुतिबोध क्षमताको समूहगत स्थिति | २८ |
| ४.१२ | विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयबीच तुलना | २९ |
| ४.१३ | श्रुतिवोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीच तुलना | ३० |